KEMENTERIAN SUMBER MANUSIA

PERKESO

# विदेशी कामदारहरूका लागि सामाजिक सुरक्षा संरक्षण



सहज रूपमा काम गर्नुहोस्, PERKESO सँग निश्चिन्त महसुस गर्नुहोस्



मलेसियामा कार्यरत विदेशी कामदारहरू, विदेशी विशेषज्ञहरु (Expatriates) तथा घरेलु कामदारहरू ~~सहित~~, मलेसियाको कर्मचारी सामाजिक सुरक्षा ऐन 1969 (ऐन 4) अन्तर्गत PERKESO मार्फत अनिवार्य रोजगार दुर्घटना ~~चोट~~ योजना र असक्षमता योजनाबाट ~~द्वारा~~ संरक्षित छन्।

## रोजगार दुर्घटना ~~चोट~~ योजना

tकामको क्रममा वा कामसँग सम्बन्धित रूपमा हुने दुर्घटना, व्यवसायबाट उत्पन्न हुने रोग वा मृत्यु विरुद्ध संरक्षण गर्दछ।

**योजना प्रभावकारी भएको मिति: 1 जनवरी 2019**

### प्रदान गरिने लाभहरू:

1. **चिकित्सा लाभ**
2. **अस्थायी अशक्तता लाभ**
3. **स्थायी अशक्तता लाभ**
4. **निरन्तर हेरचाह भत्ता**
5. **शारीरिक पुनर्स्थापना सुविधा**
6. **अन्त्येष्टि लाभ**
7. **आश्रितको लाभ**

## असक्षमता योजना

तोकिएका योगदान योग्यता सर्तहरू पूरा भएमा, 60 वर्षको उमेरभन्दा अघि हुने गम्भीर रोग वा मृत्यु बाट मलेसियामा कार्यरत विदेशी कामदारहरूलाई 24 घण्टा संरक्षण प्रदान गर्दछ।

**योजना प्रभावकारी भएको मिति: 1 जुलाई 2024**

### प्रदान गरिने लाभहरू:

1. **असक्षमता पेन्सन**
2. **असक्षमता अनुदान**
3. **आश्रितको पेन्सन**
4. **निरन्तर हेरचाह भत्ता**
5. **शारीरिक पुनर्स्थापना सुविधा**
6. **अन्त्येष्टि लाभ**

## योग्यताका सर्तहरू

- वैध पासपोर्ट वाहक हुनु पर्ने
- मलेसिया अध्यागमन विभागद्वारा जारी गरिएको वैध कार्य अनुमति पत्रको धारक हुनु पर्ने

## ुदर्ता प्रक्रिया

- ASSIST पोर्टल मार्फत अनलाइन दर्ता
- PERKESO का कार्यालयहरू

## योगदानका दर

| योगदान कर्ता | रोजगार दुर्घटना योजना | असक्षमता योजना | कुल योगदान |
|---|---|---|---|
| रोजगारदाता | 1.25% | 0.5% | 1.75% |
| विदेशी कामदार | - | 0.5% | 0.5% |

***रोजगारदाताका लागि महत्त्वपूर्ण सूचना**

रोजगारदाताहरू आफ्ना विदेशी कामदारहरूको PERKESO मा दर्ता गराउने तथा तोकिएको योगदान दर अनुसार अनिवार्य योगदान भुक्तानी समयमा गर्न जिम्मेवार हुन्छन्। यस अन्तर्गत तोकिएको रकम समयमा भुक्तानी नगरिएमा कर्मचारी सामाजिक सुरक्षा ऐन 1969 (ऐन 4) अन्तर्गत अपराध मानिनेछ र दोषी ठहरिएमा अधिकतम RM10,000 जरिवाना वा 2 वर्षसम्म कैद, वा दुवै सजाय हुन सक्दछ।

थप जानकारीका लागि कृपया PERKESO को ग्राहक सेवा केन्द्रमा सम्पर्क गर्नुहोस्

1-300-22-8000 | perkeso@perkeso.gov.my | www.perkeso.gov.my